# संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको विधान २०७१

नेपालमा क्रियाशील ट्रेड युनियन महासंघहरुका नीति, कार्यक्रम, विचार र मान्यताहरु फरक फरक भए तापनि श्रमिकहरुका आवश्यकता र समस्याहरु समान एवं साझा भएको तथ्यलाई मनन गरी, श्रमजीवि वर्गको हक हितको संरक्षण र सम्बर्द्धन गर्न ट्रेड युनियन महासंघहरुका बीचमा सहकार्य र श्रमिक सम्बन्धी विषयहरुमा एकरुपता ल्याई एउटै साझा धारणा निर्माण गर्ने उद्देश्यले,

तत्काल क्रियाशिल सात ट्रेड युनियन महासंघहरु संस्थापक भै २०६५ कार्तिक १० र ११ गते काठमाण्डौमा सम्पन्न भएको पहिलो राष्ट्रिय ट्रेड युनियन सम्मेलनवाट संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) स्थापना गरी साझा कार्यक्रम गरी आएको र मिति २०६८ कार्तिक ६ गते आचारसंहिता पारित गरी साझा कार्यक्रम संचालन हुँदै आएको र नयाँ महासंघहरुलाई समावेश गर्दै श्रमिकको जीवनमा आईपर्ने सबै समस्याहरुको समाधानका लागि एउटै थलोबाट संयुक्त नीति बनाई सहकार्य गर्ने अपरिहार्यतालाई महसूस गर्दै,

नेपालको संयुक्त ट्रेड युनियनको अबधारणाको सफलताको कारण विश्व ट्रेड युनियन अन्दोलनलाई उत्प्रेरणा प्रदान गरिरहेको र भविष्यमा समेत एकता प्रवर्धन गर्ने सन्देश प्रवाह गर्न,

हालसम्म प्राप्त उपलब्धिहरु प्रत्येक श्रमिक सम्म पुर्‍याउन, भविष्यमा एकै स्थानवाट श्रम नीति तर्जुमा गर्नका लागि विद्यमान संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) लाई सशक्त र सबलरुपमा पृथक संस्थागत पहिचान दिलाउनु पर्ने आवश्यकतालाई महशुस गरी,

नेपाली श्रमिक र सवै ट्रेड युनियन महासंघहरुको साझा संस्थाको रुपमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) को संस्थागत संरचनालाई



विकसित र मजबुत वनाउन, निर्णय प्रक्रियालाई व्यवस्थित गर्न र संगठनात्मक स्वरुप प्रदान गर्ने आवश्यकता महशुस गरी तेस्रो ट्रेड युनियन सम्मेलन, २०७१ बाट यो विधान पारित गरी लागु गरिएको छ ।

१. **नाम र प्रारम्भः**

१) यस संस्थाको नाम संयुक्त ट्रेड युनियन समन्वय केन्द्र रहने छ। अंग्रेजीमा यसलाई Joint Trade Union Coordination Center भनिने छ। छोटकरीमा यसलाई केन्द्र वा JTUCC भनिने छ।

२) यस विधानलाई संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको विधान २०७१ भनिने छ।

३) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

क) "**केन्द्र**" भन्नाले संयुक्त ट्रेड युनियन समन्वय केन्द्रलाई सम्झनु पर्दछ।

ख) "**महासंघ**" भन्नाले प्रचलित ट्रेड युनियन ऐन वमोजिम ट्रेड युनियन महासंघको रुपमा मान्यताप्राप्त गरेको महासंघलाई सम्झनु पर्दछ।

ग) "**सदस्य**" भन्नाले केन्द्रको सदस्यता प्राप्त महासंघलाई सम्झनु पर्दछ।

घ) "**संस्थापक महासंघ**" भन्नाले संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको स्थापनाको समयमा संलग्न रहेका महासंघहरु, नेपाल ट्रेड युनियन महासंघ (GEFONT), नेपाल ट्रेड युनियन कांग्रेस (NTUC), अखिल नेपाल ट्रेड युनियन महासंघ, (ANTUF), पेशागत महासंघ नेपाल (CONEP), नेपाल प्रगतिशिल ट्रेड युनियन महासंघ (FENEPT), राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्र, (NDECONT-I) र नेपाल ट्रेड युनियन फेडरेशन (NTUF) लाई सम्झनु पर्दछ।

ङ) "**प्रदेश**" भन्नाले संविधानमा उल्लेख भए वमोजिमको प्रदेशलाई

सम्झनु पर्दछ । र सो शव्दले संविधानमा प्रदेश स्थापना नभए सम्मको लागी विद्यमान चौध अञ्चललाई जनाउनेछ ।

च) "**राष्ट्रिय ट्रेड युनियन सम्मेलन**" भन्नाले यस विधानको धारा ७ वमोजिमको राष्ट्रिय ट्रेड युनियन सम्मेलनलाई सम्झनु पर्दछ ।

छ) "**श्रम संसद**" भन्नाले यस विधानको धारा ८ बमोजिमको श्रम संसदलाई सम्झनु पर्दछ । श्रम संसदलाई लेवोर पार्लियामेन्ट ( Labour Parliament) भनी सम्वोधन गर्न सकिने छ ।

ज) "**मूल समिति**" भन्नाले यस विधानको धारा ९ वमोजिमको मुल समितिलाई सम्झनु पर्दछ । मूल समितिलाई लेवोर क्याविनेट (Labour Cabinat) भनी सम्बोधन गर्न सकिने छ ।

झ) "**व्यबस्थापन समिति**" भन्नाले यस विधानको धारा १३ वमोजिमको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ । यस समितिलाई प्रेसिडियम(Presidium) भनी सम्बोधन गर्न सकिने छ ।

ञ) "**सचिवालय**" भन्नाले यस विधानको धारा १४ वमोजिमको सचिवालयलाई सम्झनु पर्दछ ।

## ३. केन्द्र स्थापनाको उद्देश्यहरु :

केन्द्रको सम्मेलन, श्रम संसद तथा मुल समितीले समय समयमा निर्धारण गर्ने तथा पारीत गर्ने कुराका अतिरिक्त केन्द्र स्थापनाको प्रमुख उद्धेश्य तथा कार्यहरु निम्नानुसार रहेका छन् :

१) महासंघहरुको स्वतन्त्र तथा संयुक्त सर्वोच्च निकाएको भूमिका निर्वाह गरी श्रमिकका न्युनतम साझा सवालमा ट्रेड युनियनहरुको संयुक्त अवधारणा तयार गर्ने, श्रम नीति तर्जुमा गर्ने सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श प्रदान गर्ने ।

२) निति निर्माण तहमा ट्रेड युनियनको पहुँच विस्तार गर्नका लागी व्यवस्थापिका लगायत राज्यका सवै निर्वाचित निकायमा श्रमिक प्रतिनिधित्वको सुनिश्चितता गर्न, क्रियाशील सबै महासंघ र संघहरुवीच सहकार्य प्रवर्धन गर्न र संयुक्त ट्रेड युनियन आन्दोलनको लागि पुर्वाधार तयार गर्ने ।



३) आपसी विवाद एवं समस्याको समाधान संवाद र समझदारीवाट गर्ने, स्वच्छ श्रम सम्बन्ध स्थापना र विकासमा क्रियाशील रहने, यसका लागी सम्वद्ध पक्षसँग सामाजिक संवाद कायम गर्ने र आवश्यकता अनुसार औद्योगिक सम्वद्ध कार्यक्रम संचालन गर्ने ।

४) श्रमिकहरुको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा नेपाल सरकार, सम्वद्ध व्यवसायीहरुको संघ, महासंघ तथा अन्य निकायसँग वार्ता गर्ने र आबश्यक भए अन्तराष्ट्रिय निकाय तथा व्यवसायीहरुको अन्तराष्ट्रिय संस्था तथा सम्वद्ध पक्षसँग पनि बार्ता तथा सम्झौता निर्बाह गर्ने ।

५) श्रमिकको पेसागत सम्मान अभिवृद्धि गर्न तथा वर्गीय आधारमा क्रियाशील हुने, श्रमिकहरुको सामाजिक एवं आर्थिक विकास गर्न आवश्यक कार्यशाला, गोष्ठी, सेमिनार आदि सञ्चालन गरी श्रमिकहरुलाई उपयोगी हुने तथ्यहरु प्रकाशन गर्ने ।

६) अनुचित श्रम अभ्यासको अन्त्य, श्रमिकको हक र हितको संरक्षण र प्रवर्धन गर्नका लागी अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसंग सम्बन्ध स्थापित गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने ।

७) प्रचलित कानूनमा उल्लेखित अन्य कार्य गर्ने तथा कानूनको अधीनमा रही राष्ट्रिय सम्मेलन, श्रम संसद, मुल समितिले निर्धारण गरेका अन्य आवश्यक उपायहरु अबलम्बन गर्न क्रियाशिल रहने ।

८) ट्रेड युनियन आन्दोलनको साख वृद्धिको लागि नैतिक मुल्य र मान्यतामा आधारीत रहि श्रमिक वर्गीय हित प्रवर्धन सम्वद्ध आवश्यक अन्य कार्य गर्ने ।

९) श्रम सम्बन्धी शैक्षिक सस्थाहरु निर्माण गर्ने , अन्तराष्ट्रिय शिक्षण सस्था तथा तालिम केन्द्रसँग समन्वय गर्ने र श्रम सम्बन्धी गंभीर चासो र सरोकारका बिषयलाई अन्तराष्ट्रियकरण गर्ने ।

## ४. केन्द्रले अवलम्वन गर्ने मान्यता तथा आदर्श :

१) केन्द्रले समाजवादको लक्ष्य हासिल गर्न, दिगो शान्ति स्थापना गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रहँदै वहुलता तथा लोकतान्त्रिक पद्दति अनुरुप आफ्नो कार्यलाई अगाडि बढाउने छ ।

२) केन्द्रले राष्ट्रिय तथा संवैधानीक मुद्दाहरुमा तथा सामाजिक विषयहरूमा राजनैतिक पार्टीहरूसँग सहकार्य गर्नेछ । श्रमिकको वर्गीय नीतिका आधारमा सरकार र राजनीतिक पार्टीहरूको समर्थन र विरोध गर्ने छ ।

३) केन्द्रमा आबद्ध महासंघ तथा तिनका सदस्यहरुलाई राजनैतिक विचार राख्न पाउने तथा कुनै पनि पार्टीलाई समर्थन गर्ने स्वतन्त्रता हुने छ, केन्द्रमा संलग्न भएको कारण सदस्यको वैयक्तिक अधिकारमा कुनै संकुचन हुन दिने छैन ।

४) केन्द्रमा आबद्ध महासंघहरु केन्द्रले गरेको नितीगत निर्णयलाई दृढता साथ पालना गर्ने छन् र सो को कार्यन्वयन गर्ने विषयमा तथा साझा रुपमा निर्णय नभएका अन्य विषयमा आ-आफ्ना विचार र मान्यताअनुसार गतिविधिहरुलाई संञ्चालन गर्न स्वायत्त रहने छन् ।

५) रोजगारीको सृजना, उत्पादकत्व वृद्धि गरी देश विकासको अभियान संचालन गर्न मुलुक भित्र तथा वाहिर रहेका श्रमिकहरुलाई केन्द्रको छातामा गोलबन्द गराउँदै सामाजिक तथा आर्थिक रुपान्तरणको दिशामा क्रियाशील गराईने छ ।

## ५. संगठित संस्था हुने :

(१) यो केन्द्र अबिछिन्न उत्तराधिकारवाला स्वशासित, संगठित संस्था हुनेछ ।

(२) केन्द्रको काम कारबाहीका निमित्त यसको आफ्नै छुट्टै छाप हुनेछ ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पत्ति खरीद गर्न, प्राप्त गर्न, उपभोग गर्न बेचविखन गर्न वा अन्य किसीमले व्यवस्था गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजुर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालेस उजुर गर्न सकिने छ ।



## ६. सदस्यता:-

(१) देहायको ट्रेड युनियन महासंघहरु केन्द्रको सदस्य हुने छन् ।

क) ट्रेड युनियन ऐन अनुसार महासंघको रुपमा दर्ता भएका र दर्ताको मान्यता कायम भएका संस्थापक महासंघहरु ।

ख) ट्रेड युनियन ऐन अनुसार महासंघको रुपमा दर्ताको मान्यता प्राप्तगरी मूल समितिबाट सदस्यता प्राप्त महासंघहरु ।

ग) यो विधान जारी भएपछि सदस्यता प्राप्त महासंघहरु ।

घ) महासंघको रुपमा दर्ता वा नविकरण हुन नसकेका सस्थापक तथा अन्य महासंघहरुको हकमा यो विधान पारित भएको वा नवीकरण हुन नसकेको मितिले एक बर्ष सम्म, तत् पश्चात स्वत: सदस्यता समाप्त हुनेछ ।

(२) केन्द्रको सदस्य हुन चाहने कुनै पनि महासंघले दर्ताको प्रमाणपत्र, विधान, सदस्य संख्या, पदाधिकारीको विवरण र मुल समितीले तोकेको अन्य विवरण साथै संलग्न राखि केन्द्रको कार्यलयमा निवेदन दिनु पर्नेछ । र मुल समितीले सदस्यता प्रदान गर्ने निर्णय गरेमा सदस्य कायम हुनेछ ।

## ७. राष्ट्रिय ट्रेड युनियन सम्मेलन:-

१) केन्द्रको सर्वोच्च निति निर्धारण गर्ने निकायको रुपमा राष्ट्रिय ट्रेड युनियन सम्मेलन आयोजना गरिने छ ।

२) सम्मेलनले समसामयीक श्रम सम्वन्धि विषयमा तथा राज्यको संवैधानिक, राजनैतिक, सामाजिक र आर्थिक विषयमा निति निर्धारण गर्न सक्ने छ ।

३) आवश्यकताअनुसार विधानको संशोधन तथा परिमार्जन गर्न सक्ने छ ।

४) प्रत्येक ३/३ बर्षमा मुल समितीले निर्धारण गरेको मितिमा सम्मेलन आयोजना गरीनेछ ।

## ८. श्रम संसद :-

१) केन्द्रको सर्वोच्च निकायको रुपमा श्रम संसद रहने छ ।

२) श्रम संसदले केन्द्रले गरेको सम्पूर्ण कामको लेखाजोखा गर्ने, आय व्ययको लेखा परिक्षण प्रतिवेदन माथि छलफल गर्ने, लेखा परीक्षकको नियुक्ति गर्ने वा सोको लागि अख्तियारी प्रदान गर्ने, केन्द्रको नेतृत्वको छनौट गर्ने, नीति तथा कार्यक्रम निर्धारण गर्ने तथा श्रम सम्बन्धि राष्ट्रिय नीति तयार गरि कार्यन्वयनको लागी मूल समितिलाई निर्देशन दिने तथा केन्द्रको उद्धेश्य कार्यान्वयनको लागी अन्य आवश्यक निर्णय तथा कार्य गर्न सक्नेछ ।

३) आवश्यकता अनुसार कार्य संचालन सम्वन्धी आवश्यक नियम बनाउन तथा नियम बनाउने गरी अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

४) श्रम संसदको वैठक प्रत्येक बर्ष डिसेम्बर महिनाको अन्त्य सम्ममा मूल समितिले तोकेको मिति, समय र स्थानमा आयोजना हुनेछ ।

५) प्रत्येक सदस्य महासंघहरुले श्रम संसदमा मूल समितिमा प्रतिनिधित्व गर्ने सदस्यसहित सात-सात जनाका दरले श्रम संसदको लागी प्रतिनिधि मनोनयन गरी अध्यक्ष समक्षमा नामावली पठाउनु पर्ने छ । यसरी नाम पठाउँदा केन्द्रलाई तिरेको शुल्कको आधारमा सदस्य महासंघहरुले पच्चिस हजार सदस्य वरावर थप एक जनाको हिसाबले प्रतिनिधि संख्या थप गरी पठाउनु पर्नेछ । तर थप गरिने प्रतिनिधि संख्या बिस भन्दा बढि हुने छैन ।

६) उपधारा ५ बमोजिम थप प्रतिनिधि संख्या हिसाब गर्दा तोकिएको संख्याभन्दा बढी हुनासाथ थप एक जना प्रतिनिधि पाउने हिसाबले गरिने छ ।

७) श्रम संसदमा प्रतिनिधि पठाउँदा सम्बन्धित सदस्य महासंघहरुले एक तिहाई महिला अनिवार्य प्रतिनिधि बनाउनु पर्नेछ ।

## ९. मूल समिति

१) केन्द्रको प्रमुख कार्यकारी निकायको रुपमा मूल समिति रहने छ ।

२) राष्ट्रिय सम्मेलन, श्रम संसदको निर्णय तथा मार्गदर्शनको अधिनमा रहि केन्द्रको तर्फवाट गर्ने सम्पूर्ण कार्यहरु मूल समितिले गर्नेछ ।

३) सदस्य महासंघहरुका अध्यक्ष, महासचिव र एक जना प्रमुख



महिला पदाधिकारी समेत ३-३ जना प्रतिनिधि भएको मूल समिति रहने छ ।

४) श्रम संसदको वैठक प्रारम्भ हुनासाथ सवै सदस्यले आफ्नो प्रतिनिधिको नाम अध्यक्ष मार्फत संसदमा पेश गर्नु पर्नेछ । त्यसरी प्राप्त नाम भित्र वाटै यस विधानको अधिनमा रहि पदाधिकारी तथा व्यवस्थापन समिति गठन हुनेछ ।

## १०. अध्यक्षः-

१) दुई लाख पचास हजार भन्दा वढी सदस्यताको घोषणा गरी सो बमोजिम सदस्यता शुल्क भुक्तान गरेको, प्रतिष्ठानस्तरमा कम्तीमा ५० वटा ट्रेड युनियन भएको र औपचारीक एवं अनौपचारिक दुवै क्षेत्रमा युनियन भएका महासंघको अध्यक्षहरु मध्येबाट दर्ताको आधारमा पालैपालो एक जनालाई केन्द्रको अध्यक्ष निर्वाचित गरिने छ ।

२) पहिलो पटकको लागी श्रम सम्मेलनको अध्यक्षता गर्ने व्यक्तिले र त्यसपछि श्रम संसदको अध्यक्षले श्रम संसदको वैठकमा नयाँ अध्यक्षको नाम घोषणा गर्नेछन् ।

३) अध्यक्षले बैठकको अध्यक्षता गर्ने र JTUCC को तर्फबाट सम्बन्धित निकायहरुमा प्रतिनिधित्व गर्ने वा गराउने छन् ।

## ११. महासचिवः-

१) धारा १०(१) मा उल्लेखित महासंघ बाहेकका महासंघका अध्यक्षहरु मध्येवाट अन्यथा सहमति भएकोमा वाहेक दर्ताको आधारमा पालै पालो एक जना केन्द्रको महासचिव निर्वाचित गरिने छ ।

२) महासचिवले अध्यक्षको सहमतिले केन्द्रको वैठकहरु वोलाउने, दैनिक कार्य संचालन र रेखदेख गर्ने, सम्मेलन तथा संसदको निर्णयहरु कार्यन्वयन गर्न मूल समिति समक्षमा एजेण्डाहरु वैठकमा पेश गर्ने, निर्णय प्रमाणित गर्ने र पत्राचार गर्ने, मूल समितिको निर्णयको अधिनमा रहि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने छन् ।

३) अध्यक्ष अनुपस्थित हुने अवस्थामा अध्यक्षको परामर्श वमोजिम केन्द्रको तर्फवाट सम्वद्ध निकायहरुमा प्रतिनिधित्व गर्ने व्यक्तिको

छनौट गर्ने र त्यसरी छनौट हुन नसक्ने अवस्थामा स्वयं प्रतिनिधित्व गर्न सक्नेछन् ।

**१२. कार्य अबधि :-**

अध्यक्ष, महासचिब तथा मूल समितिको कार्यकाल प्रत्येक अंग्रेजी बर्षको जनवरी १ तारिकबाट शुरु भै त्यसै बर्षको डिसेम्बर ३१ तारिख सम्म एक बर्षको रहने छ। तर सदस्य महासंघको पदाधिकारी परिवर्तन भएको वा अन्य कुनै कारणले मूल समितिमा रहने सदस्यको नाम विचमा नै परिवर्तन भएमा त्यस्तो व्यक्तिको कार्यकाल समेत ३१ डिसेम्वरमा अन्त्य भएको मानिनेछ ।

१३. **व्यबस्थापन समिति :-**

१. मूल समितिको वैठक नबसेको अवस्थामा केन्द्रको तर्फवाट आबश्यक बिषयमा निर्णय गर्नका लागी देहाय वमोजिमको एउटा व्यवस्थापन समिति अर्थात प्रेसिडियम(Presidum) हुनेछ :

क. अध्यक्ष

ख. महासचिव

ग. दुईलाख वा सो भन्दा बढी सदस्यता शुल्क तिरेका महासंघका अध्यक्षहरु

घ. दुईलाख भन्दा कम सदस्यता शुल्क तिरेका महासंघका अध्यक्षहरु मध्ये दर्ताको आधारमा पालैपालो एक जना (तर महासचिव निर्वाचित युनियनहरु मध्येवाट छनौट गरीने छैन ।

ङ. जेटियुसिसि (JTUCC) महिला समितिको संयोजक

२) मूल समितिले अधिकार प्रत्यायोजन गरेको अवस्थामा ब्यबस्थापन समितिको निर्णयलाई मूल समितिको निर्णय मानिने छ। सो अवस्थामा बाहेक व्यवस्थापन समितीको निर्णयहरु त्यस पछि हुने मूल समितिको वैठकमा पेश गरी अनुमोदन गरिनेछ ।

३) केन्द्रको अध्यक्ष र महासचिव व्यवस्थापन समितिको पदेन अध्यक्ष र महासचिव हुनेछन् ।



१४. **सचिवालयः**

१) केन्द्रको दैनिक प्रशासन संचालन गर्न, कार्यक्रमको व्यवस्था गर्न तथा मूल समिति एवं ब्यबस्थापन समितिको निर्णयलाई कार्यन्वयन गर्नको लागी महासचिवको नेतृत्वमा सचिवालय रहने छ ।

२) सचिवालयमा प्रत्येक सदस्य महासंघहरुका महासचिवहरु र महिला समितिको सचिव सदस्य रहने छन् ।

३) सचिवालयको वैठकको अध्यक्षता महासचिवले गर्नेछन र वैठकको निर्णय समेत प्रमाणित गर्नेछन् ।

**१५. बैठकः**

मूल समितिको वैठक सामान्यतया ३/३ महिनामा, व्यबस्थापन समितिको वैठक प्रत्येक महिना, सचिवालय र अन्य समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

**१६. निर्णय प्रक्रिया :**

१) केन्द्रको कुनै पनि निकायमा निर्णय गर्दा सर्वसम्मतीको आधारमा निर्णय गरिने छ ।

२) निर्णय प्रक्रियामा मतको गणना गर्दा एक सदस्य महासंघ बराबर एकमत गणना गरिने छ ।

**१७. प्रतिनिधित्वको अनुपात सम्बन्धी व्यवस्थाः-**

यस विधानमा अन्यथा लेखिएकोमा सोहि वमोजिम र नलेखिएकोमा केन्द्रको कुनै पनि कार्यक्रम तथा सम्मेलनमा प्रतिनिधित्व सम्बन्धी ब्यवस्था मूल समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. महिला समितिः-**

१) केन्द्रमा एउटा महिला समिति हुनेछ। जसलाई JTUCC महिला समिति भनिने छ ।

२) महिला समितिमा सदस्य महासंघहरुको महिला कमिटिको प्रमुख पदेन सदस्य हुने छन् र प्रत्येक महासंघले तोकेका थप एक जना महिला पदाधिकारी समितिको सदस्य रहने छन् ।

३) महिला समितिमा धारा १०(१)मा उल्लेखित महासंघ मध्ये अध्यक्ष

निर्वाचित महासंघ वाहेक अन्य महासंघको तर्फवाट दर्ताको आधारमा पालैपालो संयोजक निर्वाचित हुनेछन ।

४) महिला समितीमा धारा ११(१) मा उल्लेखित महासंघ मध्ये महासचिव वा व्यवस्थापन समितीमा प्रतिनिधित्व नभएका महासंघ मध्येवाट पालैपालो सचिवको निर्वाचन गरीने छ ।

५) संयोजक र सचिवको निर्वाचन गर्दा जुन महासंघबाट केन्द्रको अध्यक्ष निर्वाचीत भएको हुन्छ, सो भन्दा पछिल्लो दर्ताको क्रममा पर्ने महासंघबाट संयोजक र जुन महासंघबाट केन्द्रको महासचिव निर्वाचित भएको हुन्छ, सो भन्दा पछिल्लो दर्ता क्रममा पर्ने महासंघबाट सचिव निर्वाचीत गरिनेछ ।

६) महिला समितिको कार्यकाल अंग्रेजी महिनाको जनवरि १ तारिक देखि सोहि बर्षको डिसम्बर ३१ तारिक सम्म एक वर्षको हुनेछ । महिला समितीको घोषणा समेत श्रम संसदको वैठकवाट हुनेछ ।

७) महिला समितिले आफ्नो कार्य संचालन स्वयं निर्धारण गरे वमोजिम हुनेछ ।

## १९. आर्थिक व्यवस्थापन :

१) केन्द्रको आफ्नै छुट्टै कोष रहने छ ।

२) कोषमा निम्न अनुसार रकम जम्मा हुनेछः-

क. प्रत्येक सदस्य महासंघबाट सदस्य संख्याको आधारमा मासिक प्रति सदस्य पाँच पैसाका दरले प्राप्त हुने सदस्यता शुल्क ।

ख. केन्द्र सञ्चालनको लागि नेपाल सरकार तथा दातृ निकायहरुबाट प्राप्त आर्थिक सहयोग ।

ग. क्षमतावृद्धि तथा अन्य विशेष कार्यक्रम संचालन गरी प्राप्त सहयोग ।

घ. अन्य क्षेत्रबाट प्राप्त सहयोग ।

३) अन्यथा सहमति भएको बाहेक समान्यतः केन्द्रको खाता मुल



समितिको अध्यक्ष, महासचिव र केन्द्रको सम्वद्ध कर्मचारी मध्ये १ जना समेत कम्तीमा तिन जना मध्ये कुनै दुई जनाको हस्ताक्षरवाट संचालन हुनेछ ।

## २०. लेखा परिक्षणः-

श्रम संसदले तोकेको व्यक्तिवाट कोषको लेखा परीक्षण गरीनेछ र मूल समितिले स्वीकृत गरी प्रत्येक वर्ष बस्ने श्रम संसदको वैठकवाट लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्नु पर्नेछ ।

## २१. समिति तथा उप समिति :-

१) मूल समितिले युवा समिति र आवस्यकता अनुसार विभिन्न समिति तथा उप-समितिहरू निर्माण गर्न सक्नेछ । समिति तथा उप समितिले मूल समितिले तोकेको काम तोकेको समय भित्र पुरा गरी मुल समिति लाई दिने वा मूल समितिले तोकेको अधिकार बमोजिम सम्बद्ध पक्षसँग वार्ता गर्न, निर्णय गर्न र सोमा हस्ताक्षर गर्न सक्ने छन् ।

२) उपधारा १ बमोजिम गठित समिति तथा उप समितिहरुमा सबै सदस्य महासंघहरुबाट समान्य संख्यामा प्रतिनिधित्व गराइने छ । तर समिति वा उप समितिहरुको आकार सानो भएमा सहमतिको आधारमा वा आलोपालो प्रतिनिधित्व गराइने छ ।

## २२. औधोगिक परिषदको गठन :

१. केन्द्रका सदस्य तथा संलग्न सदस्य महासंघहरु संग आवद्ध ट्रेड युनियन संघहरुलाई मूलतः निम्न क्षेत्रमा समेट्ने गरी समुहगत परिषद गठन हुने छ :

क. औधोगिक समुह (सवै प्रकारको औधोगीक तथा उत्पादन मुलक क्षेत्र)

ख. यातायात समुह (स्थल, जल तथा हवाई यातायात समेत)

ग. पर्यटन समुह (होटल, पर्वतारोहण, साहसिक पर्यटन, क्यासिनो र सम्बद्ध क्षेत्र समेत)

घ. वित्तीय समुह (वैक, वित्तिय संस्था, विमा, शेयरवजार, सहकारी तथा सम्वद्ध सेवा क्षेत्र)

ङ. निर्माण समुह (सवै निर्माण, विधुत, उर्जा तथा अन्य पुर्वाधार सम्वद्ध क्षेत्र)

च. शहरी अनौपचारिक समुह (सडक व्यापार, पसल, विक्रि प्रतिनिधि, घरेलु तथा घर आधारित श्रमिक, सफाई, तथा सम्वद्ध क्षेत्र)

छ. कृषि समुह (कृषि जन्य कार्य, चिया, कफि, वगान, पशुपालन तथा अन्य अनौपचारिक क्षेत्र)

ज. शिक्षा समुह ( निजी तथा सार्वजनिक विद्यालय, विश्वविद्यालय र अन्य शिक्षण संस्था र तालिम केन्द्र समेत)

झ. सेवा सम्वद्ध समुह (अस्पताल, स्वास्थ्य कर्मि, श्रृंगार, चलचित्रकर्मी, कलाकर्मी, मिडिया, सुरक्षा सेवा, आउटसोर्सिड सम्वद्ध क्षेत्र, अन्य सवै प्रकारको सेवा क्षेत्र आदी समेत)

ञ. सार्वजनिक क्षेत्र कर्मचारी समुह (निजामति, स्थानिय निकाय, माथिको समुहमा नपर्ने नियमक निकायहरु, र राज्यको वजेटवाट पारीश्रमिक प्राप्त गर्ने कर्मचारीहरु)

२. माथी उल्लेखित समुहमा नपर्ने युनियनलाई मूल समितिले तोकेको समुहमा आवद्ध गराईनेछ ।

३. एउटै संघ एक भन्दा वढि समुहमा आवद्ध हुन पाउने छन् ।

४. कुनै महासंघमा आवद्ध नभएको संघलाई समेत केन्द्रले सम्वद्ध समुहमा आवद्धता प्रदान गर्न वाधा पुग्ने छैन ।

५. यसको संचालन विधि मूल समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**२३. प्रदेश समितिको गठन :**

१. प्रदेशमा क्रियाशिल सदस्य महासंघका सम्वद्ध कमिटिका तोकिएको प्रतिनिधि रहेको प्रदेश समिति गठन गरीने छ ।

२. प्रदेश कमिटिले सम्वन्धित प्रदेशमा केन्द्रको कामलाई संयोजन गर्नेछ ।



३. समितिको गठन तथा संचालन विधि मूल समितिले निर्धारण गरे बमोजिम हुनेछ

**२४. प्रतिनिधि परीक्षण तथा जाँचबुझ समितिः-**

१. मूल समितिले आफ्नो कामको सिलसिलामा आवश्यक विषयमा छानविन गर्न तथा कार्यक्रमहरुको लागी तोकिएको प्रतिनिधि एकिन गर्नका लागी एक स्थायी प्रतिनिधि परीक्षण तथा जाँचबुझ समिति रहने छ ।

२. समितिले देहाय बमोजिमको विषयमा छानविन गरी मूल समिति समक्षमा निर्णयार्थ प्रतिवेदन पेश गर्नेछ :

क. सदस्यताको लागी निवेदन परेकोमा सो विषयमा छानविन गरी सिफारीश गर्न,

ख. सदस्य महासंघहरुको दर्ता नवीकरण भए नभएको विषयमा,

ग. दर्ता खारेज भएको, एकीकरण वा विभाजन भएको सम्वन्धि विषयमा,

घ. सदस्य महासंघभित्र भएको आन्तरीक विवादको कारण केन्द्रमा प्रतिनिधित्व कसले गर्ने भनी विवाद उत्पन्न भएमा सो सम्वन्धि विषय एकिन गर्न,

ङ. आचार संहिता पालन गरे नगरेको विषयमा,

च. मूल समिति वा व्यवस्थापन समितिले तोकेको अन्य विषयमा छानविन गर्न,

३. केन्द्रले आयोजना गर्ने सम्मेलन तथा कार्यक्रमको प्रतिनिधिहरु एकिन गर्ने कार्य आफै गर्न सक्ने छ र यसले गरेको निर्णय अन्तिम हुनेछ ।

४. समितिले मूल समिति समक्षमा आफ्नो प्रतिवेदन पेश गर्नु अगाडि आवश्यक परेमा सम्वन्धित महासंघ संग परामर्श गर्ने, प्रमाण पेश गर्न लगाउने, आफ्नो भनाई राख्न मौका दिई वा अन्य तवरले सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ । प्रतिवेदनमा उल्लेखित विषयमा मूल समितिले गरेको निर्णय मान्य हुनेछ ।

## २५. कर्मचारी व्यवस्थापनः

१) मूल समितिले निर्धारण गरेको मापदण्ड तथा निर्णयको अधिनमा रहि अध्यक्षले आवश्यकताअनुसार कर्मचारी नियुक्त गर्न वा खराब आचरण गरेको अवस्थामा कारवाही गर्न सक्नेछन् ।

२) कर्मचारीको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा प्रचलित कानूनको अधिनमा रही मूल समितिले तोके बमोजिम हुनेछ ।

## २६. सदस्यले पालना गर्ने आचार संहिताः-

१) सदस्य महासंघले प्रत्येक आर्थिक वर्षको अन्त्यसम्ममा सदस्यता शुल्क तिरी सक्नु पर्नेछ । सो अवधिमा तिरेको शुल्कको आधारमा मात्र अर्को वर्षको लागि त्यस्तो सदस्य महासंघको प्रतिनिधि संख्या निर्धारण हुनेछ र सदस्यता शुल्क नतिरेका सदस्य महासंघले मूल समितिले तोके बमोजिमको सख्यामा पर्यवेक्षकको रुपमा मात्र सहभागी हुन पाउने छन ।

२) केन्द्रले गरेको निर्णयलाई सवैले पालना गर्ने छन् र आ-आफ्नो क्षेत्रमा लागु गराउनु पर्नेछ । केन्द्रले गरेको निर्णयलाई परीवर्तन गर्न तथा आवश्यक संशोधन गर्न मूल समिति समक्षमा प्रस्ताव गर्न सकिन्छ तर निर्णयका विरुद्ध प्रचार गर्ने वा विरोधका कार्यक्रम गर्ने वा समानान्तर गठबन्धन बनाउने छैनन ।

३) महासंघहरु एक आपसमा मिलेर केन्द्रको गतिविधीलाई सहयोग पुग्ने र एकता मजबुत हुने कार्यगर्न स्वतन्त्र हुने छन् । यसका लागी अन्तराष्ट्रिय आबद्धता आधारित संरचना बनाउन र संचालन गर्न सक्नेछन ।

४) सदस्य महासंघ तथा संलग्न सदस्यले पदाधिकारी परिवर्तन वा एकिकरण भएमा वा नविकरण भएमा सो को प्रमाण सहित केन्द्रमा जानकारी गराउने छन् ।

५) स्थानीय तहका सदस्य महासंघका सदस्यहरु बिच विवाद भएमा त्यस्तो विवाद स्थानिय स्तरमा टुगो लगाउन पहल गर्ने, त्यसवाट समाधान नभएमा सम्वद्ध महासंघको केन्द्रीय नेतृत्व मार्फत समाधानको पहल गरीने छ ।



६) सदस्य महासंघले केन्द्र र श्रमिकको मर्यादा अभिबृद्धि बिपरितको क्रियाकलापलाई निरुत्साहित गर्ने छन । श्रमिकलाई अनुशासित बनाउने तथा आफ्नो कर्तव्य पालना गर्नु पर्ने पक्षलाई अधिकारको अभियानसंगै एकाकार गरी अगाडि वढाउने छन् ।

## २७. मूल समितिको निर्णय मान्य हुनेः-

यसमा लेखिएको कुरामा सोहि वमोजिम र नलेखिएको विषयमा मुल समितिले गरेको निर्णय मान्य हुने छ ।

**२८. नियमावली बनाउन सक्ने :** मूल समितिले केन्द्रको नियमित कार्य संचालनका लागी आवश्यकताअनुसार नियमाबलीहरु बनाई लागु गर्न सक्नेछ ।

**२९. खारेजी र बचाऊ :** संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको आचारसंहिता २०६८ लाई खारेज गरीएको छ र सो आचारसंहिता बमोजिम भए गरेको काम यसै विधान बमोजिम भए गरेको मानिने छ ।